# राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# मसुरिया, दाङ

## गाउँसभाबाट स्वीकृत मितिः २०८०।०९।०२

# उद्यमशीलता विकास सम्वन्धी कार्यविधि तथा मापदण्ड-२०८०

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने उद्यमशील यूवा/महिला तथा फरक क्षमता भएका व्यक्तिहरुलाई सीप विकास, क्षमता अभिबृद्धि गरी आर्थिक क्षेत्र उद्यम एंव व्यापार व्यवसायसंग सम्वन्धित कार्यक्रम मार्फत उत्पादन तथा रोजगारी सृजना गर्न तथा टेवा पूंजी उपलब्ध गराउन र यस्तो कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न बान्छनीय भएकोले राप्ती गाउँपालिकाले प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ प्रयोग गरी यो राप्ती गाउँपालिकाको उद्यमशीलता विकास सम्वन्धी कार्यविधि तथा मापदण्ड-२०८० बनाई लागु गरेको छ।

## भाग-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नामः राप्ती गाउँपालिकाको उद्यमशीलता विकास सम्वन्धी कार्यविधि तथा मापदण्ड २०८० रहेको छ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यविधि" भन्नाले "राप्ती गाउँपालिकाको उद्यमशीलता विकास सम्वन्धी कार्यविधि तथा मापदण्ड २०८०" भन्ने बुझ्नु पर्दछ।

ख. "लक्षित बर्ग" भन्नाले उद्यम गर्न चाहने व्यक्ति वा समूह भन्ने बुझ्नु पर्दछ।

ग. "परियोजना जमानी" भन्नाले यस कार्यविधि बमोजिम ऋण प्रवाह गर्न जुन परियोजनामा लगानी गरिएको हो सोही परियोजनाको जमानी हो भन्ने बुझ्नु पर्दछ।

घ. "कार्यक्रम" भन्नाले राप्ती गाउँपालिकाको उद्यमशीलता विकास कार्यक्रम/परियोजना बुझ्नु पर्दछ।

ङ. "सामुहिक जमानी" भन्नाले समूहको सामुहिक उत्तरदायित्वमा प्रवाह गरेको अनुदानको उपयोगका लागी समूहका सबै सदस्यले दिने संयुक्त जमानी भन्ने बुझ्नु पर्दछ।

च. "फोकल पर्सन" भन्नाले कार्यक्रम संचालनका लागी तोकिएको अधिकृत भन्ने बुझ्नु पर्दछ।

छ. "समूह" भन्नाले ५ वा ५ भन्दा बढी व्यक्तिहरुको समूह बुझिनेछ।

ज. "कोष" भन्नाले उद्यमशीलता प्रवर्द्धन, विकास र विस्तार गर्न राप्ती गाउँपालिकाद्धारा स्थापना गरिएको उद्यमशीलता विकास कोष बुझ्नु पर्दछ।

झ. "वित्तिय टेवा" भन्नाले कार्यक्रम संचालनको लागी उद्यमीलाई पालिकावाट प्राप्त हुने वित्तिय सहयोग बुझ्नु पर्दछ।

ञ. "उद्यमी" भन्नाले नाफा कमाउने उदेश्यले उद्योग व्यवसाय संचालनका लागी जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूह बुझ्नु पर्दछ।

ट. "उद्यमशीलता विकास तालिम" भन्नाले व्यवसाय स्थापना तथा संचालनका लागि आवश्यक उत्प्रेरणा (Motivation) तथा व्यवसायिक सीप विकास तथा सो संग सम्वन्धित उच्च स्तरको ज्ञान प्रदान गर्ने तालिम बुझ्नु पर्दछ।

ठ. "लघु उद्यम" भन्नाले घर जग्गा बाहेक बढीमा २० लाख रुपैयासम्म स्थीर पुंजी लगानी हुने, बार्षिक एक करोड रुपैया भन्दा कम कारोवार व्यवस्थापनमा संलग्न रहेको र इन्जिन शक्ति २० किलोबाट भन्दा कम रहने व्यवसाय बुझ्नु पर्दछ।

ड. "स्तरोन्नति" भन्नाले उत्पादन, गुणस्तर, प्याकेजिङ, बितरण, व्यापार, पुंजी, मुनाफा जस्ता पक्षमा उद्यममा देखिने सकारात्मक परिवर्तन बुझ्नु पर्दछ।

ढ. "गाउँपालिका" भन्नाले राप्ती गाउँकापालिका बुझ्नु पर्दछ।

ण. "गाउँकार्यपालिका" भन्नाले राप्ती गाउँ कार्यपालिका भन्ने बुझ्नु पर्दछ।

त. "समिति" भन्नाले निर्देशक समिति बुझ्नु पर्दछ।

थ. "बिषयगत समिति" भन्नाले निर्देशक समितिको कार्यादेशमा काम गर्ने क्षेत्रगत/बिषयगत समिति बुझ्नु पर्दछ।

द. "स्थानीयबासी" भन्नाले यस गाउँपालिका भित्र बसोबास गर्ने र मतदाता परिचय पत्र भएको बुझ्नु पर्दछ।

ध. "Challenge fund/Start up fund" भन्नाले कुनै नयाँ प्रकारका उद्यमलाई प्रोत्साहित गर्न दिइने Fund बुझ्नु पर्दछ।

३. **लक्ष्यः-** व्यवसायिक ज्ञान, शिप विकास र क्षमता अभिबृद्धिका माध्यमबाट उद्यमशीलताको विकास एंव रोजगारी सृजना गरी समृद्ध राप्ती गाउँपालिका मूर्त कायम गर्ने यस कार्यक्रमको लक्ष्य हुनेछ।

४. **उदेश्यः-** यस कार्यक्रमका उदेश्य देहाय बमोजिम हुनेछन्।

क. तरकारी/फलफूल, पशुपंछी, विउ विजन उत्पादन, मत्स्य क्षेत्रको आयात प्रतिस्थापन हुने गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आकर्षण बढाउने

ख. वन तथा वातावरण, फौहरमैला व्यवस्थापन र पर्यटन क्षेत्रको प्रवर्द्धन गरी रोजगारी सृजना गर्ने

ग. यूवा, महिला तथा लक्षित समूह उद्यमशील हुन प्रेरित गर्ने

घ. रोजगारीमूलक रुग्ण लघु, घरेलु उद्योगलाई पुनरोत्थान गर्ने बल प्रदान गर्ने

ङ. उद्यमशिल बन्न चाहने व्यक्ति वा समूहलाई आवश्यक तालिम, पुंजी वा बस्तुगत टेवा प्रदान गर्ने

च. बस्तु वा सेवा उत्पादन, वितरण प्रवर्द्धन जस्ता आर्थिक गतिविधी बढाई आर्थिक आय र रोजगारी बृद्धि हुने कार्य गर्ने।

## भाग-२
## संस्थागत व्यवस्था

५. कार्यक्रम निर्देशक समिति-

(१) यो कार्यक्रम संचालन गर्नका लागि देहाय बमोजिमका ९ सदस्यीय कार्यक्रम निर्देशक समिति गठन गरिनेछ। (२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका व्यक्तिहरु देहाय बमोजिम हुनेछन्।

- क. संयोजकः- गाउँपालिका अध्यक्ष
- ख. सदस्यः-गापा उपाध्यक्ष
- ग. सदस्यः- प्रमुख प्रशासकीय अधिकृत
- घ. सदस्यः- आर्थिक विकास समितिको संयोजक
- ङ. सदस्यः- कार्यपालिकाको समाबेशीको प्रतिनिधित्वको आधारमा कार्यपालिका सदस्यवाट ३ जना
- च. सदस्यः- संयोजककर्ताले तोकेको वित्तिय संस्थाका प्रतिनिधि-१ जना
- छ. सदस्यः- आर्थिक, सामाजिक, उद्यमशिलताको क्षेत्रमा काम गरेको संयोजकले तोकेको विज्ञ व्यक्ति-१ जना
- ज. उद्योग वाणिज्य संघको प्रतिनिधि – १ जना
- झ. सदस्य सचिवः- पालिकामा रहेको उद्यम विकास इकाई प्रमुख

(३) उपदफा २ को ङ, च, ज अनुसारका सदस्यहरु नतोकिदा सम्म समितिका अरु सदस्यहरुको बैठकबाट निर्णय हुन कुनै बाधा पर्ने छैन।

(४) समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ।

**६. काम कर्तव्य र अधिकारः-** (१) निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. कोषको अधिकतम र प्रभावकारी उपयोग गर्नका लागि सम्वद्ध निकायहरु वित्तिय संस्था, उद्यमी, गैर सरकारी संस्था सम्भाव्य उद्यमी बिच आवश्यक समन्वय, संचालन र व्यवस्थापन गर्ने।

ख. उद्यम स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्न तर्फ आकर्षित गर्न आवश्यकता अनुसार प्रचार प्रसार गर्ने।

ग. कोषबाट उपलव्ध गराइने रकमको सीमा बढाउने वा घटाउने।

घ. कोषबाट संचालन हुने कार्यक्रम र बजेटको सिमा र संख्या तोक्ने।

ङ. कोषवाट संचालन हुने कार्यक्रमको लागि प्रशासनिक खर्च तोक्ने ।

च. वित्तिय टेवा रकमको सीमा तोक्ने।

छ. विषयगत समिति गठन गरी सो विषयका क्षेत्रगत उद्यमको लागि आवश्यक निति बनाउन लगाउने।

ज. गाउँपालिकाको कार्यक्रममा सहभागी भएका उद्यमी वा उद्यमीहरुको समूहको उद्यमको निरिक्षण गरी आवश्यकता अनुसार उद्यमीहरुलाई सल्लाह दिने।

२. निर्देशक समितिले बिषयगत समितिवाट निर्णय भए बमोजिम हुने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

**७. बिषयगत समितिः-** (१) निर्देशक समितिले आफ्नो कार्य सम्पादन गर्नको लागी विषयगत (क्षेत्रगत) समिति गठन गर्न सक्नेछ। विषयगत समितिले निर्देशक समिति समक्ष राय वा प्रतिवेदन दिनु पर्नेछ।

(२) निर्देशक समितिको सदस्यको संयोजकत्वमा बढीमा ५ सदस्यीय बिषयगत समिति रहनेछ। बिषयगत विज्ञ १ जना र सम्वन्धित शाखाको कर्मचारी अनिवार्य हुनुपर्नेछ।

**८. मुल्यांकन समिति-** (१) पालिकाको कार्यालयमा प्राप्त हुन आएका प्रस्तावकहरुको मुल्यांकन गरी कार्यपालिकामा सिफारिस गर्न तपसिल बमोजिमको एक समिति रहनेछ।

क. संयोजकः- प्रमुख प्रशासकीय अधिकृत

ख. शहरी विकास तथा पूर्वाधार महाशाखाको प्रमुख- सदस्य

ग. आर्थिक प्रशासन शाखाको प्रतिनिधी- सदस्य

घ.सम्वन्धित शाखा- सदस्य

ङ. उद्यम विकास इकाई प्रमुख- सदस्य

(२) मुल्यांकन समितिले प्रतिवेदनका आधारमा प्रस्ताव मुल्यांकन गरी सिफारिस गरेका प्रस्ताव प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकामा निर्णयार्थ पेश गर्नु पर्नेछ।

## भाग-३
## कार्यक्रम संचालन विधि

**९. यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको विधिमा कार्यक्रम संचालन गर्नेछ।**

क. पालिकाले वित्तिय/बस्तुगत प्रविधि टेवा प्रदान गरेर गरिने कार्यक्रमहरुः- यस प्रकारको विधिमा पालिकाले वित्तिय/बस्तुगत/प्रविधि हस्तान्तरण गर्नेछ।

ख. वित्तिय संस्थाहरुको मध्यस्थता रहेर गरिने कार्यक्रमहरुः- यस प्रकारको विधिमा वित्तिय संस्थाहरुबाट ऋण लगानी भएका वा हुने व्यवसायहरुमा गाउँपालिकाबाट गरिने वित्तिय टेवा वा उद्यम संरक्षको लागी प्रदान गरिने व्याजको भुक्तानी वा बिमा रकम भुक्तानी

जस्तो कार्यक्रमहरु प्रदान गरिने कार्यक्रमहरु पर्नेछन् । यस प्रकारको कार्यक्रममा उद्यमी, बैंक र पालिका बिच त्रिपक्षिय सम्झौता गरी सम्झौतामा उल्लेखित शर्त अनुसार कार्यक्रम संचालन गरिनेछ ।

ग. गैर सरकारी/कानूनी व्यवसायी संगको साझेदारीमा गरिने कार्यक्रमहरुः- यस प्रकारको विधिमा गैर सरकारी संस्थाहरुसंग पालिकाले छनौट गरी सम्झौता मार्फत व्यवसायको कुनै चरणमा पालिकाले लगानी गरी संचालन गरिने लक्षित बर्गका कार्यक्रमहरु पर्नेछन् ।(सिप विकास, क्षमता विकास तथा पुनर्ताजकी तालिम)

घ. विभिन्न व्यापारिक प्रतिष्ठान र लव्ध प्रतिष्ठित व्यक्तिहरुले प्रयोजन गरेर गरिने कार्यक्रम

## भाग-४
## कार्यक्रमका चरणहरु

**१०. गाउँपालिकाबाट उद्यमशिलता सम्वन्धी कार्यक्रमका चरणहरु निम्नानुसार हुनेछन् ।**

क. तालिमः- तालिम उदेश्यमुलक हुनुपर्नेछ । पालिकाको खर्चमा तालिम संचालन हुँदा तालिम पश्चात उद्यमको संचालनका अरु व्यवस्थाहरु पनि हेरिनेछ ।

ख. उद्यमको सुरुवात वा स्तरोन्नतीः यस प्रकारको चरणमा उद्यमको सुरुवात वा स्तरोन्नतीको लागि वित्तिय टेवा प्रदान गरिनेछ । यस प्रकारको कार्यक्रम वित्तिय संस्थाको मध्यस्ता रहेमा पनि गर्न सकिनेछ ।

ग. उद्यमको विकास वा संरक्षणः- यस प्रकारको चरणमा उद्यमको लागि बैंक व्याज वा बीमाको रकम वा दुबै गाउँपालिकाबाट व्यहोर्न सक्नेछ ।तर यस प्रकारको लागत व्यहोर्नको लागि उद्यमशिल कम्तिमा ५ जनाको समुह, वित्तिय संस्था र गाउँपालिका बिच समझदारी पत्रमा हस्ताक्षर हुन जरुरी हुनेछ।

घ. उद्यमको बजारीकरणः- उद्यमका उत्पादन (बस्तु वा सेवा) हरुको ग्राहकसम्म पुऱ्याउन गरिने प्रक्रिया, कार्य वा सेवाहरुमा गरिने लगानी सम्वन्धी कार्यहरु उद्यमको बजारिकरण

## भाग-५
## कार्यक्रमको प्रक्रिया

**११. उत्प्रेरित कक्षा संचालन गर्नेः-** उद्यम गर्न इच्छुक व्यक्तिलाई लक्षित गरि एक सार्वजनिक सूचना प्रकाशन गरी उद्यमशिलता विकासमा उत्प्रेरित गर्ने सम्वन्धी तालिम, प्रशिक्षण कार्यक्रम राखिनेछ । यस प्रकारको कार्यक्रममा उद्यमशिलताको विभिन्न क्षेत्रमा उत्प्रेरणा मुलक प्रशिक्षण दिन सक्ने प्रशिक्षक बोलाउन सकिनेछ ।

१२. पालिकावाट लगानी गर्ने उद्यमशिलता विकासका लागी सार्वजनिक सूचना जारी गरी कस्ता कस्ता कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ भनि कार्यक्रमको सोचपत्र आह्वान गर्न सकिनेछ । यसरी प्राप्त हुन आएका कार्यक्रम उपयुक्त देखिएमा कार्यपालिकाले कार्यक्रममा समावेश गर्न सक्नेछ ।

१३. गाउँपालिकावाट संचालन हुने उद्यमशिलता, योजना तथा कार्यक्रमहरुमा लगानी गर्न चाहने व्यक्तिहरुलाई लक्षित गरी लगानीकर्ता भेला आयोजना गर्न सकिनेछ ।

१४. विभिन्न लक्षित वर्गमा काम गर्ने गैर सरकारी संस्थाहरुले लक्षित वर्गको समूह गठन गरी गाउँपालिकासंग साझेदारी गर्न चाहेमा गाउँपालिकासंगको सम्झौता बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ । तर यसको लागी अनिवार्य रुपमा सार्वजनिक सूचना आह्वान गरिनेछ ।

१५. गाउँपालिकावाट संचालन हुने कार्यक्रमको निर्धारण पश्चात तालिम, उद्यमको लागी शुरु पुंजी, स्तरोन्नतीको लागी पुंजी, उद्यमको संरक्षण, उद्योगको वजारिकरण मध्ये कुन क्षेत्रमा गाउँपालिकाले कार्यक्रम संचालन गर्ने हो सो खुलाई कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गर्नेछ । सूचनाको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

१६.सार्वजनिक सूचनावाट प्राप्त प्रस्तावहरुलाई निर्धारित मापदण्ड अनुसार मुल्यांकन समितिले मुल्यांकन गर्नेछ ।

१७. मुल्यांकन समितिले सिफारिस गरेका प्रस्ताव बजेट सीमा भित्र रहेर स्वीकृत गर्नेछ ।

१८. निर्देशकवाट स्वीकृत भएका प्रस्तावहरु सम्झौता पछि कार्यान्वयनमा जानेछन् ।

## भाग-६

## कार्यक्रमहरु

**१९. कार्यक्रमका क्षेत्रः-** (१) गाउँपालिकाले उपलव्ध गराउने समग्र उद्यमशिल कार्यक्रम अनुदानमा लगानिका लागि योग्य क्षेत्रहरु देहाय बमोजिमको हुनेछ ।

क. कृषि व्यवसायका क्षेत्रहरु अनुसूची २ (क) मा उल्लेख भए बमोजिम हुनेछ ।

ख. उद्योग व्यवसायका क्षेत्र अनुसूची २ (ख) मा उल्लेख भए बमोजिम हुनेछ ।

ग. पर्यटन प्रवर्द्धनका क्षेत्र अनुसूची २ (ग) मा उल्लेख भए बमोजिम हुनेछ ।

घ. व्यापार व्यवसायका क्षेत्र अनुसूची २ (घ) मा उल्लेख भए बमोजिम हुनेछ ।

ङ. वन तथा वातावरण र फोहरमैला व्यवस्थापन क्षेत्र अनुसूची २ (ङ) मा उल्लेख भए बमोजिम हुनेछ ।

च. महिला, असहाय, विपन्न, पिछडिएका तथा अन्य लक्षित वर्ग विकासको क्षेत्र अनुसूची २ (च) मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुसूची प्रत्यक आ.व.मा समितिले फेरवदल गर्न सक्नेछ ।

**२०. कोष स्थापनाः-** (१) उद्यमशिलता विकासको लागी व्याज तथा वित्तिय टेवा उपलव्ध गराउन एक छुट्टै उद्यम विकास कोष स्थापना गर्ने ।

(२) कोषमा देहाय बमोजिमको रकम हुनेछन् ।

क. नेपाल सरकार संघवाट प्राप्त रकम

ख. नेपाल सरकार प्रदेशवाट प्राप्त रकम

ग. गाउँपालिकावाट विनियोजित रकम

घ. कुनै स्वदेशी व्यक्ति सरकारी वा गैर सरकारी संस्थावाट प्राप्त रकम

ङ. संघिय सरकारको स्वीकृती लिई कुनै विदेशी सरकार वा संस्था अन्तराष्ट्रिय संस्था वा निकाय वा व्यक्तिवाट अनुदान, चन्दा, सहयोग स्वरुप प्राप्त रकम

३.यस दफा अनुसार कोष स्थापना नहुन्जेल गाउँपालिकाले नियमित खर्च लेख्न सक्नेछ ।

४. गाउँपालिकाको विभिन्न लक्षित वर्ग, कार्यक्रमवाट लक्षित वर्गका व्यक्ति तथा समूहलाई उद्यमशिलता कार्यक्रममा कार्यपालिकाको निर्णय अनुसार खर्च लेख्न सक्नेछ ।

**२१. कोष सम्वन्धी अन्य व्यवस्था**

१. कोषको रकम कार्यपालिकाको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त वैंकमा खाता खोलि जम्मा गरिनेछ ।

२. कोषको रकम स्वीकृत उद्यमिलाई बैंक मार्फत लगानी गरिनेछ ।

३. कोषको रकमवाट उद्यम संचालन बस्तुगत टेवा, व्याज अनुदान, विउ पुजी अनुदान तथा विमा वापतको रकम समितिको सिफारिसमा उपलव्ध गराइनेछ ।

४. कोषको आन्तरिक लेखा परिक्षण गाउँपालिका आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ।

५. कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

६. कोषको खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत वा आर्थिक प्रशासन प्रमुखवाट हुनेछ ।

**भाग-७**

**प्रस्ताव आह्वान, प्रस्ताव पेश गर्ने विधि र सम्झौता**

२२. गाउँपालिका भित्र वसोवास गर्ने समूह वा व्यक्तिले गाउँपालिकाको सहयोग लिई उद्यम वा व्यवसाय संचालन गर्न चाहने उद्यमीहरुको समूहलाई राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सूचना प्रकाशन गरी प्रस्तावको आह्वान गरिन्छ। यस कार्यविधिमा स्पष्ट हुन नसकेका विषय सूचनामा स्पष्ट गरी सूचना प्रकाशन गर्न सकिनेछ।

**२३. प्रस्ताव पेश गर्नेः-** वित्तिय टेवा लिन चाहने उद्यमी, व्यक्तिले परियोजना प्रस्ताव आह्ववान भएको मिति भित्र अनुसूची ३ बमोजिमको ढाचामा देहाय बमोजिमका कागजातहरु संलग्न राखी समितिको कार्यालयमा आवेदन दिनु पर्नेछ।

क. आफुले गर्न चाहेको व्यवसाय वा उद्यमको विवरण

ख. प्रस्तावित उद्योग व्यवसाय वा उद्यमको योजना

ग. अनुदान माग गरेको रकम

घ. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ङ. समूहको भए समुह गठनको उपस्थिति, सहभागी संख्या, उद्यमको किसिम, सो का लागी आवश्यक रकम, वित्तिय टेवा सम्वन्धी उल्लेखित निर्णयको माइनटको प्रतिलिपी र प्रतिवद्धता पत्र

च. जुन उद्योग व्यवसाय वा उद्यममा कर्जा लगानी गर्न चाहेको हो सो को प्रचलित कानून वमोजिम दर्ता भएको प्रमाणपत्र, नविकरण भएको प्रमाणपत्र र पान, कार्यालयमा दर्ता भएको प्रमाणपत्र, कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको स्वं.घोषणा, सम्वन्धित वडाको सिफारिस पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

छ. ३ वर्षसम्म तोकिएको उदेश्य अनुसारको प्रतिवद्धता पत्र, उद्योग व्यवसाय वा कृषि क्षेत्रको लागी जग्गा धनी प्रमाण पूर्जा वा लिजमा लिएको खुल्ने कागजको सक्कल प्रति वा अन्य यस्तै कागजात

ज. वित्तिय संस्थाबाट ऋण प्राप्त गर्ने उद्यमी/व्यवसायीहरुले वित्तिय संस्थाको सहमती पत्र पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि सम्वन्धित कार्यालयले प्राप्त निवेदन रीत पूर्वक भए नभएको हेरी रीत नपुगेको भएमा रीत पुऱ्याई ल्याउन सम्वन्धित निवेदकलाई जानकारी गराइने छ।

**२४.परियोजना कार्यान्वयन सम्वन्धी सम्झौताः** समितिवाट स्वीकृत परियोजनाहरुको कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने व्यक्ति/समूह/संस्थासंग पालिकाले आवश्यक कवुलियतनामा, सामुहिक जमानी तथा परियोजना जमानी सहित सम्झौता गर्नु पर्नेछ।

**२५कार्यक्रम चालनको जानकारीः .** परियोजना प्रस्ताव स्वीकृत भई सम्झौता भएको १५ दिन भित्र सम्बन्धित ब्याक्ति संस्थाहरुले /समुह/ तोकिए बमोजिम कार्यक्रम संचालन गर्नु पर्ने छ। यसकव जानकारी गाउँपालिकाको कार्यालयमा दिनुपर्नेछ। सम्झौतामा उल्लेखित अवधि भित्र कार्य सम्पन्न गरि पेश्की फर्छौट सहित अन्तिम किस्ताको भुक्तानी माग गर्नु पर्नेछ। यसरी प्राप्त भएको रकम समेतको परियोजना संचालन गर्ने संस्थाहरुको कार्यक्रमको अनुगमन,नियमन,नियन्त्रण तथा निर्देशन र खर्च भएका रकमहरुको औचित्य सहित लेखापरीक्षण गराउने दायित्व सम्बन्धित संस्थाको हुनेछ।

२६नयाँ उ .द्यमीले प्रस्ताव लेखनको लागि गाउँपालिका समक्ष वित्तिय तथा प्राविधिक सहायता माग गरेमा आवश्यकता अनुसार परामर्श सहजीकरण सहयोग उपलब्ध गराउन सक्नेछ।

**भाग८ -**

**खर्चको मापदण्ड,प्रकृया प्रस्ताव मूल्याकनका आधार र भार**

**२७खर्चको मापदण्डः.**

क) उत्प्रेरणा कक्षा संचालनको अधिकतम खर्च रु दुई लाख सम्म गरिनेछ।

ख) तालिम कार्यक्रममा अधिकतम १० लाख सम्म खर्च गर्न सकिनेछ।

ग) समूहमा व्यवसायिलाई अधिकतम रु १० लाख सम्म वित्तिय टेवा प्रदान गरिनेछ।

घ) उद्यमी, व्यवसायीलाई अधिकतम १० लाख सम्म वित्तिय टेवा प्रदान गरिनेछ महिला उद्यमशिलाको हकमा गाउँकार्यपालिकाले आवश्यक ठानेमा १५ लाख सम्म वित्तिय टेवा दिन सकिने छ।

ङ) उद्यम संरक्षणको क्षेत्रमा व्यवसायि संचालनको लागि गाउँपालिकाले वित्तिय टेवा प्रदान गर्न स्वीकृत गरी सम्झौता भएको मितिले ३ वर्ष सम्मको ब्याज आंशीक वा पुरै अनुदान दिन सक्नेछ। गाउँपालिकाले व्याज व्यहोर्ने अधिकतम ऋण १० लाख सम्मको हुनेछ। उल्लेखित व्यवसायि संचालनका लागि कृषि विकास बैंकले लिने व्याजदर बराबर हुनेछ। सो भन्दा बढि व्याजदर भएमा उद्यमी आफैले व्यहोर्नु पर्नेछ।

च) उद्यमीलाई भाग ८ बमोजिमको वित्तिय टेवा प्रवाहको गागि राष्ट बैङ बाट मान्यता प्राप्त बर्गका सबै बैंकहरुलाई समान "ख" र "क" व्यहवहार गरिनेछ।

छ) कुनै गैरसरकारी संघ संस्थाले गाउँपालिकाको साझेदारीमा महिला, अपाङ्ग , दलित , जनजाति वा विपन्न वर्गको लागि उद्यम गर्न चाहेमा ५०/५० को अवधारणामा गाउँपालिकाबाट अधिकतम ५ लाख वित्तिय टेवा प्रदान गरिनेछ।

**२८खर्चको प्रकृयाः .**

(क) उत्पेरणामूलक कार्यक्रमकव हकमा त्यस्ता कार्यक्रम गाउँपालिका आफैले सोझै संचालन गर्न सक्नेछ। कुनै संस्थालाई उत्प्रेरणामूलक कार्यक्रम संचालन गर्न दिदा खरिद प्रकृया पुरा गरि प्रदान गरिने छ।

(ख) उद्यमी किस्तामा रकम ३ व्यवसायिको प्रस्ताव र कार्य तालिका बमोजिम हासिल गरेको प्रगति औचित्यको आधारमा बढिमा / भुक्तानी गरने छ।

२९ सार्वजनिक सुचना प्रकाशन गरि प्राप्त हुन आउने प्रस्तावहरुलाई निम्न आधारमा मुल्याङकन गरिनेछ। .

१.(क) सामुहिक उद्यम व्यवसायको / हकमा

| क्र.स | आधार | भार |
|---|---|---|
| १ | पालिकामा रहेको व्यवसाय<br>• घरेलु,कम्पनी रजिष्टार वा सरकारी निकायमा दर्ता गरेको प्रमाण पत्र भएको<br>• गैर सरकारी संस्थाहरुले सोही प्रकारको संस्था दर्ता प्रमाणपत्र भएको( करछुट प्राप्त निस्सा भएको<br>• गत आ.व.को कर चुक्ता प्रमाणपत्र भएको | ५ |
| २ | Matching Fund-उद्यम /व्यवसायि समुह/ सदस्यहरुबाट कम्तिमा २५ प्रतिशत लागत सहभागिता सुनिश्चित भएको। | २० |
| ३ | "क" र "ख" वर्गको वित्तिय संस्थाहरुबाट ऋण लगानी भएका उद्यम प्रस्ताव (व्याज अनुदानको हकमा मात्र ) | ५ |
| ४ | • उत्पादनमुलक उद्यमको सन्दर्भमा उत्पादनलाई बजारीकरण गर्ने सहयोगी संस्थासंग सम्झौता भएको<br>• सेवामुलक उद्यमको लागि सेवा लिने पक्ष संग सहमति वा सम्झौताको पत्र। | ५ |
| ५ | Challenge Fund/ Start Of Fund प्राप्त गर्ने समझौता र र प्रतिबद्धता भएको उद्यम | ५ |
| ६ | लागत साझेदारिमा गर्ने गैर सरकारी संस्था भएमा | १० |

| | | |
|---|---|---|
| ७ | उद्यम संचालन गर्ने स्थानको कम्तिमा ५ वर्षको सम्झौता भएमा | ५ |
| ८ | उद्यम संचालन गर्न चाहाने व्याक्तिहरु स्थानिय मात्र भएमा | १० |
| ९ | उद्यम समुहमा ५० प्रतिशत भन्दा बढि महिला भएमा | १० |
| १० | उद्यम समुहमा ५० प्रतिशत भन्दा बढि युवा भएमा | १० |
| ११ | उद्यम समुहमा ५० प्रतिशत भन्दा बढि लक्षित वर्गको सहभागिता भएमा | १० |
| १२ | प्रत्यक्ष रोजगारी सिर्जना कम्तिमा २ जना | १० |

समान अङ प्राप्त भएका प्रस्तावहरुलाई निम्न अनुसार प्राथामिकता दिईनेछ।

(क) अपाङअपाङहरुको समुह /

(ख) दलित वा दलितको समुह

(ग) महिला वा महिलाहरुको समुह

(घ) वैदेशिक रोजगारीबाट फर्केको समूह

(ङ) समावेशी समुह

(च) अन्य

**२** .माथि उपदफा १ अनुसार पनि प्रस्ताव छनौट हुन नसकेमा सवै भन्दा बढि लगानी कर्ताहरुको लगानी सहभागिता भएकव (प्रतिशत) लाई छनोट गरिनेछ।

**३० .वित्तिय संस्थाहरुको दायित्व**

(क) यस गाउँपालिकाबा६ प्रदान गरिने वित्तिय टेवा, व्याज, विमा भुक्तानी वा ऋण भुक्तानी सम्बन्धी कार्यक्रमको प्रस्ताव पेश गर्दा उद्यमीलाई उक्त प्रस्तावको कार्यक्रममा सहभागी हुन बैंङकव सहमती रहेको पत्र प्रदान गर्नु पर्नेछ।

(ख) कार्यक्रम स्वीकृत भएर कार्यान्वयनमा गएपछि कार्यक्रमको अनुगमन गरी गाउँपालिकामा एक प्रति प्रतिवेदन दिनु पर्नेछ।

(ग) उद्यमको यथार्थ आर्थिक विवरण विपरितको प्रतिवेदन गाउँपालिकामा पेश गरेको पाइएमा त्यस्ता वित्तिय संस्थालाई गाउँपालिकाबाट भुक्तानी गरिने छैन।

**३१ अनुगमन तथा मुल्याङकन .**

**क अनुगमन तथा मुल्याङकनः.(१)** निर्देशक समितिले यस कार्यक्रमको नियमित रुपमा अनुगमन तथा मुल्याङन गर्ने गराउने ब्यवस्था मिलाउने छ।

(२) गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेकव गाउँस्तरीय अनुगमन समितिले आवश्यकता अनुसार उद्यम, व्यवसायको अनुगमन सुपरीवेक्षण गर्न सक्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा उल्लेखित उद्यम, व्यवसायको अनुगमन, सुपरिवेक्षण आफै वा आफ्ना मातहतका अधिकृतस्तरका कर्मचारीहरुबाट गराउन सक्नेछ।

(४) अनुगमन मुल्याङकनका लागि सुचकहरु निर्धारण गर्नेछ।

**भाग९-**

**उद्यमशील कार्यक्रम विघटन वा घाटामा गएमा**

३२ उद्यमशील कार्यक्रम विघटन वा घाटामा गएमा हुने व्यवस्थाः .(१) व्यवसाय घाटामा परि समस्या आएमा निर्देशक समितिले छानविन गर्ने गराउने । /

(२) उपदफा (१) को छानमिन गर्दा व्याक्ति मार्फत हिनामिना भए असुल उपहर गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) कमोजिम समितिले घाटामा गएको कारण पत्ता लगाई पुनः संचालन गर्न उपाय र प्रयास गर्नेछ ।

(४) उपदफा (३) बमोजिम संचालन हुन नसकेमा सो को दायित्वहरु भुक्तानी गराईनेछ ।

(५) उपदफा (४) बमोजिमको अवस्था पनि नरहे टाट पल्टेको घोषणा गरि गाउँपालिकाले जिम्मा लिई आवश्यक व्यवस्था गर्नेछ ।

## भाग १०
## विविध

**३३बार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्थाः .**(१)  वस्तु स्थिति सहितको वार्षिक प्रतिवेदनः आर्थिक वर्ष समाप्त पश्चात अघिल्लो आर्थिक वर्षमा कोषबाट उद्यम संचालन, व्यवस्थापन, स्तरउन्नती लगायतको कार्यमा दिएको वित्तिय  सेवा बस्तु टेवा सहित त्यस्ता उद्योगहरुको वस्तु स्थिति सहितको वार्षिक प्रतिवेदन निर्देशक समितिले गाउँसभामा पेश गर्नु पर्दछ ।

**३४ वार्षिक कार्यतालिका -** कोषको प्रभावकारी कार्य संचानल गर्नका लागि प्रत्येक वर्ष बार्षिक कार्य तालिका बनाई कार्यान्वियन गरिने छ ।

**३५सरकारी बाँकी सरह असुलीः.**(१) कोषले उद्यमीलाई उपलब्ध गराएको अनुदान र वीउ, पूजीँ वापतको रकम लिई कार्य सम्पादन नगर्ने उद्यम  समुह वा फर्महरुले समयमा भुक्तानी नगरेमा सम्बन्धित संस्थाको प्रमुख वा समुहबाट दामासाहिका दरले सरकारी बाकी सरह असुल उपह ार गरिनेछ ।

**३६ बाधा अड्काउ फुकाउने वा ब्याख्या गर्ने अधिकारः .**यस कार्यविधिको कार्यान्यनमा कुनै द्धिविधा परेमा बाधा अड्काउ फुकाउने वा ब्याख्या गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

**३७ संशोधन वा खारेजीः .**यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले संशोधन खारेजी गर्न सक्नेछ । /

(दफा १५ सँग सम्बन्धित)

अनुसूची १

## सार्वजनिक सूचना

यस राप्ती गाउँपालिकाले राप्ती गाउँपालिकाको उद्यमशिलता विकास कार्यक्रम अन्तरगत तपशिल बमोजिम कार्यक्रम संचालन गर्न लागेको हुँदा कार्यक्रममा सहभागी हुन ईच्छुक उद्यमी व्यवसायीले तोकिएको ढाँचामा मिति भित्र यस गाउँपालिकाको कार्यालयमा .................... प्रस्ताव पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

१. कार्यक्रमको विधिः
२. उद्यमको चरणः
३. गाउँपालिकाको लगानीको प्रकार र मात्राः
४. उद्यमको प्रकारः
   - व्ययक्तिगतसामुहिकः/
   - नयाँपुरानोः/
५. कार्यक्रमको क्षेत्रः
६. प्रस्तावहरुको मुल्याँकनका आधारः गाउँपालकाको वेवसाइट www.raptimundang.gov.np मा उपलब्ध छ ।
७. छनौट गरिने प्रस्तावको संख्याः
८. स्वघोषणा गर्नु पर्ने विषयः
   क. महामी ब /ैंक वा वित्तिय संस्थाको कालो सूचीमा रहेका छैनौ ।
   ख. नेपाल सरकार............ स्थानीय सरकारलाई / प्रदेश सरकार /
   ग. यस परियोजना स्थानीय सरकारबाट दोहोरो हुनेगरी सुविधा लिएका छौनौ । / प्रदेश सरकार / कार्यक्रममा नेपाल सरकार /
९. कार्यक्रमको विवरणः

**(दफा १९ उपलफा १ (क) सँग सम्बन्धित)**

**अनुसूची २ (क)**

## कृषि व्यवासायका क्षेत्र

१. खाद्यन्न, नगदेबाली, तरकारी उत्पादन, प्रशोधन भण्डारण,
२. विउ विजन उत्पादन, प्रशोधन, तथा भण्डारण,
३. सामुहिक तथा व्यवसायिक खेती,
४. मौरी पालन व्यवसाय, पुष्प व्यवसाय,
५. व्यवसायिक रेशम किरा पालन,
६. पशुपंक्षीपालन, अष्ट्रिच तथा व्यवसायिक रुपमा पालिने बट्टाई, कालिज, बँदेल समेत।
७. फलफुल उत्पादन, डेरी तथा प्रशोधन तथा भण्डारण,
८. दुग्ध उत्पादन, डेरी तथा प्रशोधन र बिक्री वितरण,
९. व्यवसायिक रुपमा गरिएको मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण,
१०. च्याउ उत्पादन, प्रशोधन तथा भण्डारण,
११. पशु बधशाला एवं मासु जन्य उत्पादन व्यवसाय,
१२. जडीबुटी उत्पादन, प्रशोधन र भण्डारण,
१३. उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, जैतुन, सुर्यमुखी, कपास, सनपाट, सजिवन, स्वीटसरघम, केशर, तेलहन, मसलाबासी, दलहन, अल्लो, लोत्ता खेती आदि तथा यिनीहरुको भण्डारण, प्रशोधन र विक्री वितरण,
१४. जौ, फापर, सिलाम, अकबरे खुर्सानी, सिस्नु तथा अचारको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१५. कपास, उन, रेसम खेती उत्पादन /, प्रशोधन र बिक्री वितरण,
१६. प्राङ्गारिक तथा जैविक मल,
१७. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट उनको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१८. कृषि औजार जस्तै थ्रेसर, भिंडर, आधुनिक हलो ट्याक्टर, ट्रेलर आदी,
१९. स्थानीय स्तरमा तयार हुने गुन्द्री,नाङ्गलो, डोरी,डोको, थुन्से, फुङ्लो, दाम्दो, घुम, चित्रा, भकारी, बाँस, बेदबाँस, निगालो, खुकुरी जस्ता सामानहरुको व्यवसायिक उत्पादन गर्न र बिक्री वितरण,
२०. पालिकाले समयसमयमा थप गरेका अन्य कृषि व्यवसायहरु।-

**(दफा १९ उपदफा १ (ख) सँग सम्बन्धित)**

**अनुसूची २ (ख)**

**उद्योग (उत्पादन मुलक) व्यवसायका क्षेत्र /**

१. हाण्डु लूम, पेडल लूम, सेमीअटोमेटिक लूम-, कपड़ा वार्षिक, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई र बुनाई,
२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैचा, पश्मिना, पोशाक, हाते कागज र सोमा आधारित वस्तु,
३. परम्परागत पेशामा आधारित वस्तु तथा सेवा,
४. परम्परागत कलामा आधारित वस्तु,
५. तामा, पित्तल, ढलौट, कास र जर्मन सिल्भर जस्ता धातुबाट हस्त निर्मित भाँडावर्तन तथा हस्तकलाका सामान्
६. फलामबाट बनेका हस्त निर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्क चुलेसी, कर्द, चुम्पी, स्याङ्गी, बन्चरो, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,
७. सुन चाँदीबाट हस्त निर्मित गरगरना, वस्तु, भाँगावर्तनहरु-, बहुमूल्य, अर्ध किमति । बहुमूल्य तथा पत्थर जडान भएका समेत(,
८. गाउँपालिकामा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण टऱ्यानिङ्ग र छालाबाट निर्मित वस्तुहरु,
९. जुट, सवाइ घाँस, पराल, छवाली, चोया, बाबियो सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०. पत्थरकला (ढुंगा कुदी बनाइएका सामानहरु),
११. पौभा, थाना चित्र र अन्य परमपरागत चित्रकला,
१२. मुकुण्डो तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना (मास्क)
१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु
१४. काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने ईट्टा उद्योग,
१६. अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने साधन तथा उपकरण मर्मत उद्योग (फरक क्षमता),
१७. धान, मकै, गहुँ, तोरी जस्ता कुटानी पिसानी गर्ने कोल, पानीघट्ट तथा मिल,
१८. आधुनिक प्रविधिबाट मेसिनको प्रयोग गरी कागजको सामाग्री (कप, ग्लास, प्लेट)
१९. स्क्रिन प्रिन्ट, तयारी पोसाक, कपडामा आधारित बस्तु
२०. गाउँपालिकाले समयसमयमा थप गरेका अन्य उद्योग ब्यवसायहरु ।-

(दफा १९ उपदफा १ सँग (ग) सन्बन्धित(

अनुसूची २ (ग)

**प्रर्यटन प्रवर्धनका क्षेत्र**

१,रिसोर्ट तथा रेष्टुराँ ,होटल ,मोटेल ,प्रर्यटन आवास .
२,ज्याकुली ,साउना ,मसाज स्पा ,हिलिङ्ग सेन्टर .
३,ट्राभल एण्ड टुर्स .
४,क्यानिनिङ ,हट एयर व्यालुनिङ्ग ,वाटर र्याप्टिङ्ग ,स्किइङ्ग ,साहसिक प्रर्यटन . प्यारा सेलिङ्ग हात्तीसवारबन्जी ,घोडाचढी, ,जिप सफारी ,अफरोड ड्राइभिङ्ग,साईक्लिङ्ग ,जिपफ्लाएर ,पदयात्रा ,ट्रेकिङ्ग ,पोलो ,गल्फ कोर्स ,जम्पिङ्ग
५(पर्या पर्यटन) होमस्टे तथा पर्यावरणीय पर्यटन ,ग्रामिण पर्यटन .,
६,पर्यटकीय गाईड ,ट्राभल तथा ट्रेकिङ्ग .
७ डुंगा .व्यवसाय,क्रुज ,जल पर्यटन ,बोटिङ्ग ,मोटरबोट ,
८ .गाउँपालिकासमयमा तोकेका अन्य पर्यटन उद्योगहरु।-ले समय

१ उपदफा १९ दफा)(घ(सँग सम्बन्धित (

अनुसूची २ (घ)

## व्यापार व्यवासयका क्षेत्र

२१. १,कम्युटर सञ्चालन ,फोटोकपी .
२२. २,बस ,टेम्पो ) मर्मतशाला . मिनीबस ,कम्युटर ,फोटोकपी ,रेडियो ,रिक्सा,जीप,कार ,डेलिभरी ब्यान ,मिनिट्रक ,ट्रक ,माईक्रिबस ,
(घडी आदी,ईलेक्ट्रनिक सामान ,लुगा सिलाउने मेसिन,टेलिफोन ,भी.टि
३,केश श्रृङ्गार,बुनाई ,सिलाई .
४,डकर्मीको सेवा ,सिकर्मी .
५,दैनिक उपभोगका सामान खरिद बिक्री .
६ .पुस्तक,स्टेनरी एवं ऋन्य शैक्षिक सामाग्रीको खरिद बिक्री ,
७,चिया तथा चमेना पसल .
८,पूजा सामाग्री पसल .
९,हेल्थ क्लव सञ्चालन गर्न स्वीकृत इजाजत पत्र लिएको हुनु पर्ने ,फार्मेसी ,ल्याव ,स्वास्थ्य परीक्षण .
१०,पशु स्वास्थ्य परीक्षण तथा पशु औषधी पसल .
११ .गाउँपालिकाले समयसमयमा थप गरेका अन्य व्यापार व्यवसायका क्षेत्र।-

(सँग सम्बन्धित (ङ) १ उपदफा १९ (दफा )
अनुसूची २ (ङ)

**वन तथा वातावरण र फोहरमैला व्यवस्थापनका क्षेत्र**

१,नर्सरी स्थापना र विकास .

२,वन विकासका लागि प्रयोग हुने मलखाद .

३कृषि बन . प्रणालीको विकास र विस्तार,

४,सौर्य ऊर्जा उत्पादन तथा वितरण .

५,वन पैदावारमा आधारित वातावरण मैत्री झोला उत्पादन तथा वितरण .

६ .गाउँपालिका,समयमा थप गरेका अन्य वन तथा वातावरण क्षेत्र-ले समय

७,संकलन तथा व्यवस्थापन सेवा ,फोहरमैला .

८,सरसफाई सेवा .

९फोहरमैला प .ुनः प्रशोधन,

१०,कवाडी समान संकलन तथा प्रशोधन .

११,लौन्ड्री व्यवसाय .

१२ .गाउँपालिकासमयमा थप गरेका अन्य फोहरमैला व्यवस्थापनको क्षेत्र ।-ले समय

**१ उपदफा १९ दफा )(च(सँग सम्बन्धित (**

**अनुसूची २ (च)**

**लक्षित वर्ग क्षेत्र**

१ ,परम्परागत बजाउने बाजा निर्माण तथा खरिद गर्न .

२,सिलाई मेशिन खरिद गर्न ,सिलाई कटाई तालिम सञ्चालन .

३घरबुना सम्बन्धी  ,अचार बनाउने व्यवसाय ,दुना टपरी उत्पादन विक्रीवितरण, ब्युटीपार्लर ,परम्परागत आय आर्जनका पेशाहरु .
,व्यवसाय

४कोइला आदि वस्तु खरिद कि,फलाम .क्री गर्नआरनको लागि यन्त्रशाला ,आरन बनाउन चाहिने सामाग्री खरिद तथा निर्माण गर्न,
,निर्माण गर्न

५ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं ,चप्पल, जुत्ता,जुत्ता  बनाउनको लागि चाहिने कच्चा पदार्थ प्रशोधित छाला .
,प्रशोधित र उत्पादित वस्तुहरू बिक्री गर्न

६परम्परा .गत सुन चाँदीका गहना एवं भाँडाकुँडा बनाउने पसल तथा सो संग सम्बन्धितम कालीगढी सेवा,

७,सरसफाई पेशाको लागि चाहिने सामानहरु खरिद गर्न .

८व्यवसायको  ,वस्तु तथा सेवा बिक्री गर्न,आफ्नो पुख्यौंली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न .
लागि साम ूहिक यन्त्रशाला निर्माण गर्न,

९ .गाउँपालिकासमयम तोकेका अन्य पेशाहरू ।-ले समय

१० २ अनुसूची .(क(,(ख),(ग),(घ),का सबै क्षेत्रमा लक्षित वर्ग कार्यक्रम पर्नेछ । (ङ)

**(सँग सम्बन्धित १ उपदफा २३ दफा)**

**अनुसूची ३**

**वित्तिय टेवा मागको निवेदनको ढाँचा**

यो)फारम भर्न कार्यलयका कर्मचारीले सहयोग गर्नेछन्(

श्रीमान प्रमुख प्रशासकीय अधिकृत
राप्ती गाउँपालिकाको कार्यालय,

महोदय,
निम्नलिखित विवरण बमोजिमको उद्योग स्थापनाछौ।पेश \सञ्चालन विस्तार गर्न वित्तिय टेवाको लागि यो निवेदन गरेको छु\ गरिएको विवरण ठिक छा|झुठा ठहरेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला।
१व्यवसायको नामः\उद्यम .
२ उद्देश्यः .
३व्यवसाय रहेको स्थानः\उद्यम .
प्रदेशः (क)
जिल्लाः (ख)
गाउः\नगर (ग)
.वडा नं (घ)\किनः.
४) व्यवसायको स्तरः\उद्यम .✓ चिन्ह लगाउने(
( ) अन्य (घ) ( ) घरेलु (ग) ( ) लघु (ख) ( ) साना (क)
५) उद्योगको कानुनी रुप फर्मः .✓ चिन्ह लगाउने(
( ) समूह (घ) ( ) .लि.प्रा (ग) ( ) साझेदारी (ख) ( ) निजी (क)
६) उद्योग वर्गः .✓ चिन्ह लगाउने(
कृषि तथा वनज (ख) ( ) उत्पादकमूलक (क) न्य ( ) पर्यटन (ग) ( )
( ) अन्य (ङ) ( ) सेवा (घ)
७-दस्तखतः -ठेगानाः -वित्तय टेवा माग गर्ने निवेदकको पूरा नाम थरः .

................. ................. .....................................................

८व्यवसायको पू \उद्यम .ँजीः-
स्थिर पूँजी (क)
वालु पूँजी (ख)
कुल पूँजी (ग)
जमिनः ...................... ............................ .........................
भवनः...................... ............................. ............................
मेसिन औजारः..................... ............................. .................
फर्निचर औजारः.................... .......................... .................
अन्यः........................ .......................... ...........................
जम्माः
९.............................दर्ता भएको निकायः ...............व्यवसाय दर्ता नं\उद्यम .
नविकरण अवधि .........................नविकरण भएको मितिः ......................

१०माग गरिएको वित्तिय टेवा रकम .

...................................................

११वित्तिय टेवाको उपयोग गरिने क्षेत्रहरु .

.....................................................

१२सेवाको विवरण\उद्योगबाट हुने उत्पादन .

| वस्तु उत्पादनसेवा | ईकाई | वार्षिक क्षमता | मूल्य\ |
|---|---|---|---|
| १............. | ..................... | ............... | ......................( |
| २............... | .................... | ................ | ......................( |
| ३................ | .................... | .................... | ......................( |
| ४................ | .................... | ..................... | .....................( |

१३मेसिन उपकरणः .

| क्रस्रोत (वा.कि) विवरण | संख्या | प्रति इकाई मूल्य | जम्मा मूल्य | विद्युत शक्ति .सं. |
|---|---|---|---|---|
| १.............................. | ................ | .................... | ........ | ................ |
| २.............................. | ................ | .................... | ......... | ............... |
| ३.......................... | .............. | .................. | .......... | ............ |
| ४......................... | ............... | .................. | .......... | ............ |
| ५....................... | ................. | ................. | ............ | ............. |

जम्मा

१४अप्रवि -प्राविधिकः -जनशक्तिः .धिकः-जम्मा संख्याः -अन्यः -

१५-सम्पर्क व्याक्तिको नाम ठेगाना र फोन नः .

१६-व्यवसाय संचालन स्थलको नक्साः\उद्यम .

१७-सर्तगरु पालना बारेः .

व्यवासय सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिने छैन।\उद्योग (१)
कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेको बखत उपलब्ध गराउने छु। (२)
व्यवसाय दर्ता सञ्चालन किटान गरिएको उदेश्य विपरित काम गर्ने छैन।\उद्योग (३)
व्यवसाय दर्ता सञ्चालन किटान गरिएको उदेश्य विपरित काम गर्ने छैन।\उद्योग (४)
अन्य निकायबाट समेत अ (५) नुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्ने छु।
उद्योग सञ्चालन गर्दा बालमजदुर प्रयोग गर्ने छैन। (६)
घर तथा जग्गा खरिदको लागि वित्तिय टेवा प्रवाह गरिने छैन। (७)
स्वयंको जग्गा भए जग्गा धनी प्रमाण पूर्जा व लिजमा भए बहाल रकम र अवधि खेलेको (८)
सम्झौता पत्र

समूह भए वहालमा लिएको भए सो को सम्झौता प्रति (९)
समूहको माग पत्रमा समूहको औठा छाप सहित दस्तखत (१०)
समूहको भए सक्कल प्रतिवद्धता पत्र (११)

मितिः-निवेदकको सहीः -

औठा छापः

| दा. | बा. |
| --- | --- |
| | |

नोटः-

कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखि संलग्न गर्नु होला। (१)
यो निवेदन साथ निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ। (२)
सम्बन्धित व्याक्तिको व समूहको हकमा सबैजनाको नागरिकता प्रमाण पत्रको प्रमाणित (क) प्रतिलिपि
साझेदारी फर्मको हकमा साझेदरी कबुलियतनामा (ख)
कम्पनी ,कम्पनी दर्ता प्रमाण पत्र,नियमावली ,को हकमा प्रबन्ध पत्र .व पब्लिक लि .लि.प्रा (ग) दर्ता पत्रको प्रमाणित प्रतिलिपि व समूहको प्रतिवद्धता पत्र।
जग्गामा स्थापना हुने भए जग्गाधनी पूर्जा भाडामा भए रीरपूर्वकको भाडा\उद्योग आफ्नै घर (घ) सम्झौता पत्र।
उद्योग उदेश्य र प्रकृति हेरी अन्य आवश्यक कुराहरु।(ङ)